सुन्दरवजार नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

सुन्दरवजार, लमजुङ

प.सं.: ०७८/०७९
च.नं.:

मिति : २०७८/०७/०९

**सूचना।** **सूचना ॥** **सूचना ॥**

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन संवन्धि सूचना (नयां/पुराना)

**(दोश्रो पटक प्रकाशित मिति २०७८/०७/०९ )**

यस सुन्दरवजार नगरपालिका कृषि विकास शाखाको आ.व. २०७८/०७९ को शशर्त अनुदान तर्फ राष्ट्रिय र स्थानिय महत्वका खाद्यवस्तु तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने खालको वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालनको लागि प्रथम पटक मिति २०७८/०५/१० गते प्रथम पटक सूचना प्रकाशन गरिएकोमा उक्त मितिमा प्रयाप्त मात्रामा दरखास्त नपरेको हुंदा पुनः यो सूचना प्रकाशन गरिएकोले तपसिल वमोजिमका वाली वस्तुहरुमा ईच्छुक कृषि समूह, कृषि सहकारी, कृषि फर्महरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस नगरपालिकामा तोकिएको ढांचा (अनुसूचि १०) वमोजिमको निवेदन सुन्दरवजार नगरपालिकाको कार्यालयमा दर्ता गर्नुहुन संवन्धित सवैमा जानकारी गराईन्छ साथै यस विषयमा थप जानकारीको लागि कृषि विकाश शाखामा संपर्क गर्न सकिनेछ ।

**तपसिल**

| क.सं. | वाली | आवश्यक क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | तरकारी वाली | ७ हेक्टर (१४०रोपनी) | नयां पकेट एक पुरानो पकेट एक |
| २ | खाद्यान्न वाली (धान) | १५ हेक्टर (३०० रोपनी) | पुरानो पकेट |

**निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

१. रु १० को टिकट टांस गरिएको निवेदन

२. कृषि फर्म नर्ता प्रमाण -पत्र, PAN/VAT दर्ता प्रमाण पत्र , वार्षिक लेखा परिक्षण रिपोर्ट र कृषि समितिको वैठकको निर्णयको प्रतिलिपी ।

३. कृषक समूह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाण-पत्र, वार्षिक लेखा परिक्षण रिपोर्ट र कृषि समितिको वैठकको निर्णयको प्रतिलिपी ।

४. अक्ष्यक्ष वा प्रोपाईटरको नागरिकताको प्रतिलिपी (समूह/सहकारीको हकमा पदाधिकारीको मात्र )

५. कार्य समितिको मागको निर्णयको प्रतिलिपी ।

६. प्रस्तावित परियोजना स्थलको फोटो ।

७. न्यूनतम जग्गाको लालपूर्जाको प्रतिलिपी र भाडामा लिएको भए कम्तिमा १० वर्षको संम्फौता पत्र ।

८. तोकिए वमोजीम पकेट क्षेत्र मागको लागि आधारभूत तथ्यांक फाराम ।

९. पुराना पकेटको हकमा गत आ.व. ०७७/०७८ को वार्षिक प्रगति विवरण र वार्षिक लेखा परिक्षण रिपोर्ट र कर चुक्ता चुक्ता रिपोर्ट अनिवार्य पेश गर्नुपर्ने छ ।

..........................
दिवाकर पौडेल
प्रमुख प्रशासकिय अधिकृत

दिवाकर पौडेल